खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,ओखलढुङ्गा

बैठक संख्याः ४३

मितिः २०८२/१०/१० गते शनिबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | दोर्ची |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री नबिना गिरी | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्तावहरुः-**

१. कर्मचारीको स्तरबृद्धि सम्बन्धमा ।

२. आँखा शिविर सञ्चालन सम्बन्धमा ।

३. कक्षा थप सञ्चालन अनुमति सम्बन्धमा ।

४. मातृभाषा तथा स्थानीय विषयको पाठ्यक्रम स्वीकृत तथा कार्यन्वयन सम्बन्धमा ।

५. निःशुल्क अतिरिक्त कक्षा सञ्चालन सम्बन्धमा ।

६. सडक बोर्ड नेपालको आयोजन सञ्चालन सम्बन्धमा र

७. विविध सम्बन्धमा ।

...पु शेर्पा
गाउँपालिका अध्यक्ष

कविता गिरी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा अन्तरगत श्री स्वास्थ्य चौकी रगनीमा कार्यरत सि.अ.न.मी. (सहायक पाँचौं) श्री शान्ता कटेल खत्री (क.सं.नं. २०७२७९) को तहवृद्दी सम्बन्धी निवेदन उपर आवश्यक जाँचबुझ भई यस खिजीदेम्वा गाउँपालिकाको तह वृद्दी सिफारिस समितिको मिति २०८२।०९।३० गतेको निर्णय तथा सिफारिस अनुसार मिति २०८२।१०।०१ गते देखि लागु हुने गरी निजको देहाय बमोजिम तह वृद्दी गर्ने निर्णय गरियो।

तपसिल

| कर्मचारीको हालको विवरण | कर्मचारीको तह वृद्दी भएको विवरण |
|---|---|
| सेवाः नेपाल स्वास्थ्य सेवा<br>समूहः कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ<br>पद : सि.अ.न.मी.<br>तहः सहायक पाँचौं<br>कार्यरत कार्यालयको नाम : खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा | सेवाः स्थानीय स्वास्थ्य सेवा<br>समूहः कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ<br>पद : सि.अ.न.मी.<br>तहः अधिकृत छैटौं<br>कार्यरत कार्यालयको नाम : खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा |

निर्णय नं. २.

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा **"निशुल्क आँखा शिविर छनौट परिक्षण तथा मोतिविन्दु अप्रेशन शिविर सञ्चालन"** कार्यक्रम शिर्षकमा विनियोजित बजेट रकम रु.७,००,०००।– (रु. सात लाख मात्र) प्रत्येक वडामा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३.

प्रस्ताव नं. ३ माथि छलफल गर्दा खिजीदेम्वा गाउँपालिका वडा नं. ५ मा सञ्चालित श्री थामथोले ईङ्लिस बोर्डिङ्ग स्कुलले कक्षा ६ सञ्चालनको लागि अनुमती माग गरेको हुँदा उक्त विद्यालयलाई कक्षा ६ सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ माथि छलफल गर्दा खिजीदेम्वा गाउँपालिकाको आधारभुत तह कक्षा १ देखि ३ को मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम निर्माण भईसकेको तर हालसम्म स्वीकृत भई कार्यान्वयनमा नआएको हुँदा उक्त पाठ्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

गाउँपालिका अध्यक्ष

नबिना गिरी
प्रमुख प्रशासकीय अधिकृत

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

निर्णय नं. ५.

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८२।०८३ का लागि संघीय सरकारबाट सशर्त अनुदानको रुपमा **"शिक्षा क्षेत्रको शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण"** शीर्षक अन्तर्गत ReAL कार्यान्वयनका लागि वित्तीय हस्तान्तरण भएको रकमबाट १५ वटै विद्यालयमा कक्षा ८ को अंग्रेजी, गणित र विज्ञानको १ महिने निःशुल्क अतिरिक्त कक्षा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंद्वारा चालु आ.व. २०८२।०८३ मा कार्यान्वयन हुने गरी ब.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत विनियोजित बजेट तथा कार्यक्रम ***"स्थानीय सडक मर्मत संभार"*** बजेट रकम रु २०,००,००० (बीस लाख मात्र) कार्यान्वयनका लागि यस खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गाबाट सडक बोर्ड नियमावली, २०६० को परिच्छेद (३) नियम (९) तथा उल्लेखित मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने समपुरक कोष बापतको रकम रु ५,००,००० (रु. पाँच लाख मात्र) समेत समावेश गरी उक्त बजेट तथा कार्यक्रम स्वीकृत गरी "कोप्चे, वन्से, यलुङ हुँदै ओखलढुंगा जाने मुख्य सडक मर्मत" शिर्षकमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७.

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा "PATLEKHARKA CHARNALU CHULI KAPTI SADAK STARONNATI" शीर्षकमा विनियोजित बजेटको ठेक्का सम्झौता नं. KDRM/OKH/NCB/03/2081/82 मा श्री गाउँवेशी कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता भएको तर सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न नगरेको हुँदा प्राविधिक मूल्यांकन अनुसारको रकम आ.व. २०८१।०८२ मा भुक्तानी भईसकेको र निजको धरौटी बापतको रकम रु.२१,२३,०००।– (रु एक्काईस लाख तेईस हजार) यस आ.व. मा जफत गरीएको हुँदा सो रकमबाट सोही योजना "PATLEKHARKA CHARNALU CHULI KAPTI SADAK STARONNATI" को बाँकी काम गर्न ठेक्का आहान गर्ने निर्णय गरियो।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ईलाका प्रहरी कार्यालय, खिजीफलाटेको प्राङ्गणमा दुर्गा मन्दिर स्थापना गर्नका लागि आगामी गाउँसभाबाट बजेट विनियोजन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ताउर खोला रिपाल खोला काठे पुल निर्माण शिर्षकमा रु.८५,०००।— (रु. पचासी हजार ।-) रकम आगामी गाउँसभाबाट विनियोजन गर्ने निर्णय गरियो।

मस्तु शेर्पा
गाउँपालिका अध्यक्ष

कविता गिरी
प्रमुख प्रशासकीय अधिकृत

आज मितिः २०८२/१०/१० गते शनिबारको दिम गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु र निर्णयहरुलाई सर्वसम्मत स्वीकृत गरियो ।

| | | | |
|---|---|---|---|
| ........... | ........... | ........... | ........... |
| श्री दोर्ची शेर्पा | आङ ल्वामु शेर्पा | पसि शेर्पा | रामकुमारी बस्नेत |
| सदस्य | सदस्य | सदस्य | सदस्य |
| ........... | ........... | ......... | ........... |
| दुर्गादेवी सुनुवार | कुमार सुनुवार | सुरेन्द्र शंकर घिमिरे | टंकराज सुनुवार |
| सदस्य | वडाध्यक्ष | वडाध्यक्ष | वडाध्यक्ष |
| .......... | .......... | .......... | .......... |
| कवितादेवी सुनुवार | होम बहादुर सुनुवार | राम कुमार सुनुवार | फसाङ निमा शेर्पा |
| सदस्य | वडाध्यक्ष | वडाध्यक्ष | वडाध्यक्ष |
| .......... | ........ | .......... | .......... |
| डिल्ली राम बस्नेत | नगेन्द्र बहादुर बस्नेत | ङवाङ फुरी शेर्पा | सुशिला तामाङ |
| वडाध्यक्ष | वडाध्यक्ष | वडाध्यक्ष | उपाध्यक्ष |

..........
गम्बु शेर्पा
अध्यक्ष